नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचविखन अनुसन्धान ब्यूरो

(मिडिया डेस्क)

PRESS RELEASE

बबरमहल, काठमाण्डौ

मिति: २०७८/०६/०५ गते।

## रोहिंग्या शरणार्थिलाई अमेरिका लैजाने प्रलोभनमा पारि अवैध रुपमा नेपाल भित्राउने व्यक्तिहरु पक्राउ।

अमेरिका जान खोज्ने रोहिंग्या शरणार्थीलाई तस्करले बंगलादेशबाट लालावाला सहित विभिन्न नाकाहुदै नेपाल ओसार्दै गरेको भनि प्रकाशित समाचारको सम्बन्धमा केन्द्रिय अनुसन्धान व्युरोबाट आवश्यक अनुसन्धान हुदा हाल काठमाण्डौको कपन राम मन्दिरमा रहेको रोहिंग्या शरणार्थी क्याम्पमा बस्ने नूर अमिन र सोफिक आलमले बङ्गलादेशि नागरिक आजमत अलि सँग मिलोमतो गरी रोहिंग्या शरणार्थीहरुलाई नेपाल भित्राउने गरेको भनि खुलेकाले उल्लेखित व्यक्तिहरुलाई मिति २०७८।०६।०२ गते पक्राउ गरि यस ब्युरोमा पठाएकोमा यस ब्युरोबाट थप अनुसन्धान गर्ने क्रममा Naya Para Refugee Camp /Teknaf/ Cox's Bazer/ Shed no 1062, Block no B, MRC 61600( बङ्लादेश) मा शरण लिएका ६ जना रोहिंग्या शरणार्थीलाई नेपालमा पुगे पछि पुरुषलाई ५ हजार ७ सय ५०, महिलालाई ३ हजार ७ सय ५० र बालबालिकालाई २ हजार ७ सय ५० नेपाली रुपैंया बराबरको मासिक भत्ता दिईने तथा २०२२ मा UNHCR ले अमेरिका जाने परिचय पत्र प्राप्त हुने समेतको प्रलोभनमा पारि नूर अमिन समेतले रोहिंग्या शरणार्थीहरुबाट २ लाख ५० हजार टाका (बंगलादेशी मुद्रा) लिई बंगलादेशबाट 30 Aug.2021(२०७८।०४।१८) मा स्थलमार्ग हुदै 3 Sep.2021 (बि.स.२०७८/०५/१८ गते)मा बिराटनगर ल्याई १ रात बिराटनगरको होटलमा राखी मिति २०७८।०५।१९ गते काठमाण्डौको महाराजगंज स्थित UNHCR को कार्यालय जाने बाटो सम्म ल्याई छाडी दिए पश्चात नेपाल भित्रिएका रोहिंग्या शरणार्थीहरु UNHCR को कार्यालयको सम्पर्कमा गएकामा निजहरुलाई उक्त कार्यालयले शरणार्थिको परिचयपत्र दिई काठमाण्डौको कपनमा बस्दै आएका अन्य रोहिंग्या शरणार्थीहरको जिम्मा लगाएको भन्ने खुल्न आएकाले अमेरिका लैजाने भनि नेपाल भित्राईएका उल्लेखित रोहिंग्या शरणार्थीहरुको खोजतलास गरि निजहरुलाई यस ब्युरोमा झिकाई घटनाका सम्बन्धमा सम्पुर्ण जानकारि लिदा निजहरुलाई नेपाल हुदै अमेरिका लैजाने भनि अवैध रुपमा ओसारपसार गरेको खुल्न आएकाले पक्राउ परेका प्रतिवादीहरुलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट मिति २०७८।०६।०४ गते म्याद लिई थप अनुसन्धान कार्य भई रहेको ।

**पक्राउ अभियुक्तको विवरण :-**

१) अब्दुल जलिलको छोरा जि. माईमेनसिंह, उप जिल्ला फुलवारिया गाह्राजान-२ बंगलादेश घर भई हाल का.जि.का.म.न.पा.वडा नं. १५ डल्लु बस्ने बंगलादेशी राहदानी नम्बर BK 0725881 बाहक बर्ष ३० को आजमत अलि।

२) आबु सिद्दिकको छोरा जि. मन्डुप, उप जिल्ला नेमेरे-२ म्यानमार घर भई हाल का.जि.का.म.पा. वडा नं. ११ कपन राम मन्दिर (शरणार्थी क्याम्प) बस्ने UNHCR File NO. 706-15C00055 भएका रोहिंग्या शरणार्थी बर्ष २७ को सोफिक आलम ।

३) जाफर आलमको छोरा जि. मन्डुप, उप जिल्ला नेमेरे-२, म्यानमार घर भई हाल का.जि.का.म.पा. वडा नं. ११ कपन राम मन्दिर (शरणार्थी क्याम्प) बस्ने रोहिंग्या शरणार्थी बर्ष २६ को नूर अमिन ।

**कानुनी प्रावधानः-**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान कारवाही हुने।

**थप जानकारीको लागी**

प्रवक्ता / सूचना अधिकारी : शारदा प्रसाद चौधरी (९८५१२८०३७६)